
**पुस्तकको नाम** : त्यति बेलाको पत्रकारिता (सिद्धान्त, नीति, कानुन र व्यवहारपक्षको अध्ययन)
**लेखक** : घनानाथ ओझा र भैरव रिसाल
**प्रकाशक** : पैरवी बुक हाउस
**पृष्ठ** : २०८
**मूल्य** : रु. १७५/-
**प्रकाशन मिति** : २०६५




पत्रकारितासम्बन्धी अभ्यास समेटिएका पुस्तकहरू हामीकहाँ थोरै छन् । तिनै थोरै मध्येको एउटा पुस्तक हो– *त्यति बेलाको पत्रकारिता (सिद्धान्त, नीति, कानुन र व्यवहार पक्षको अध्ययन)*। अग्रज पत्रकार तथा सञ्चारकर्मीद्वय घनानाथ ओझा र भैरव रिसालको राष्ट्रिय समाचार समिति (रासस) सँग सम्बद्ध अनुभवमा पुस्तक केन्द्रित छ ।

कुल छ ओटा भाग रहेको पुस्तकको सुरुका तीन भाग क्रमशः प्रारम्भ र परिचय, लेखकहरूले बुझेको र तिनलाई बुझाइएको पत्रकारिता र समाचारसम्बन्धी तिनको अनुभव र धारणामा केन्द्रित छन् । भाग ४ र ५ मा क्रमशः सञ्चारमाध्यम र यससम्बन्धी व्यवस्था र सञ्चार नीति र कानुनी व्यवस्था उल्लेख छ र भाग ६ मा सञ्चारसम्बन्धी विभिन्न ऐन नीतिहरूको अनुसूची पढ्न पाइन्छ । अन्तिम २ पृष्ठ सन्दर्भ सामग्री र लेखक परिचयले भरिएको छ । पुस्तकको सुरुका तीन भाग नै सर्वाधिक महत्त्वपूर्ण भाग हुन् । ती भागहरूमा विगतमा (२०२० देखि २०४१ सालसम्मको) लेखकद्वय राससमा संलग्न रही पत्रकारिता गर्दाका अनुभवको चर्चा गरिएको छ । यद्यपि यी तीन भाग पढेपछि पनि पाठकहरू त्यति बेलाको

पत्रकारिता यस्तो रहेछ भन्ने स्थितिमा पुग्दैन्न बरु त्यति बेला पत्रकारिता गर्ने पत्रकारहरूको अनुभवको स्वाद भने लिन सक्छन् ।

'समाचार सम्प्रेषण गर्दाका केही अनुभवहरू' (पृ. ४९) शीर्षक अन्तर्गतका 'पत्रकारलाई फ्रन्ट सिटमा मन्त्री पत्नीलाई पछाडि', 'दिउँसो सुत्ने बानी', 'ड्राइभर कवि', 'समाचार र मन्त्रीको व्यवहार', 'मन्त्री र अरूको भान्छा अलग गरेछन्', 'मन्त्री घोडाबाट लडे' त्यस्ता प्रसङ्गहरूले त्यति बेला कसरी पत्रकारिता गरिन्थ्यो भन्ने जिज्ञासालाई मेट्छ । पुस्तक पढ्दा त्यति बेला मन्त्री नै समाचार हो र समाचार नै मन्त्री हो भन्ने धारणा व्याप्त रहेको भान हुन्छ । 'भाषण मन्त्री', 'प्रसारमा बढी ध्यान दिने मन्त्री', 'फोटो खिचाउन अघि सर्ने मन्त्री', 'सरकारी नीति विपरीत भाषण गर्ने मन्त्री', 'भाषणको पूर्वानुमान गर्न सक्ने मन्त्री' आदि शीर्षकका सामग्री पढ्दा ती कुरा उजागर हुन्छन् । मन्त्रीको पछि लागेरै गए पनि मन्त्रीको गतिविधिबाहेक अरू कुराको समाचार सङ्कलन गर्न त पत्रकारलाई कसैले रोक्दैन नि ! त्यसमा किन चुकेछन् हाम्रा यी अग्रज पत्रकारहरू ? भन्ने प्रश्न भने उठ्छ । जुन मन्त्रीको जति बढी प्रचार-प्रसार भयो राजा उति नै रिझिन्छन् भन्ने मनोविज्ञानबाट तत्कालीन मन्त्रीहरू निर्देशित थिए भन्छन् लेखकद्वय (पृ. ४३) । पञ्चायत कालमा देश उँभो लाग्न नसकेको एउटा कारण मन्त्रीहरू देश निर्माणका निम्ति खट्न छोडी राजा रिझाउने अभियानमा लागेकाले रहेछ भन्ने अनुमान पुस्तक पढ्दा गर्न सकिन्छ । तर मन्त्रीहरूको प्रचार-प्रसार गरे आफ्नो पनि कल्याण होला भन्ने मनोविज्ञानबाट पत्रकारहरू चाहिँ निर्देशित थिए थिएनन् ? त्यसको जवाफ पुस्तकमा छैन । सोही शीर्षक अन्तर्गतका 'राससलाई माल्यार्पण, 'समारोह सुरु नै हुँदैनथ्यो', 'यस्तो पनि गर्नुपर्ने पत्रकारले' र 'राससले उनलाई बचायो' जस्ता उपशीर्षकहरूले भने पञ्चायतकालमा राससको महत्त्व र जगजगीलाई छर्लङ्ग पारेका छन् । 'नेपालका संवाद समितिहरू' (पृ. ४, ५, ६), चर्चित खबरहरू (पृ. ३८, ३९), अहिलेसम्म पनि ताजा रहेका खबरहरू (पृ. ६७) भित्रका सामग्रीले नेपालमा पत्रकारिताको जग गतिलो गरी हालिएको कुराको बोध गराउँछ ।

'समाचार र मन्त्रीको व्यवहार' शीर्षकमा (पृ. ५३) मन्त्रीको समाचार प्रकाशन र प्रसारणमा आएमा पत्रकारसँग मन्त्री खुशी हुने र नआएमा ठुस्स पर्ने परिस्थितिको स्मरण लेखकद्वयले गरेका छन् । यसले गर्दा मन्त्रीको टिम र पत्रकारबीच दिनदिनको, घण्टाघण्टाको सम्बन्ध समाचार प्रसारण हुनु र नहुनुले घामछायाँ जस्तो हुन्थ्यो भन्ने ठम्याइ लेखकहरूको छ । यो प्रसङ्गले पत्रकारको काम समाचार सङ्कलन गर्नुमात्र नभई आफूले बनाएको समाचार प्रसारण,

प्रकाशन भए नभएको गोठालोसमेत लागिरहनुपर्ने अवस्थालाई दर्शाउँछ । 'टेप प्रयोग गर्दा मन्त्रीको बोली फुटेन' (पृ. ६०) भन्ने शीर्षकमा पत्रकारले टेप रेकर्डर अगाडि राख्दा मन्त्रीको बोली नफुटेको, मुख च्यापच्याप भएको र टेप रेकर्डर थन्क्याएपछि साविकझैँ भाषण गरेको प्रसङ्ग पनि रोचक छ । यस्ता प्रसङ्ग टेलिभिजन क्यामरा अन हुनासाथ धाराप्रवाह बोल्ने र एफएम रेडियोहरूमा छिनका छिनजसो अन्तर्वार्ताका लागि तयार हुने वर्तमान मन्त्री र राजनीतिज्ञहरूसँग परिचित अहिलेका सञ्चारकर्मीका लागि निकै अनौठो लाग्न सक्छ ।

लेखकद्वयले समाचार सङ्कलन, लेखन र सम्प्रेषणसम्बन्धी त्यति बेलाको मान्यता अहिले पनि त्यतिकै सान्दर्भिक रहेको बताएका छन् । यसबाट आज सम्प्रेषण हुने समाचारहरू त्यति बेलाको समाचार सम्प्रेषणभन्दा खास भिन्न छैन भन्ने अर्थ लाग्छ । त्यसपछिका 'समाचारसम्बन्धी अनुभव र धारणा' (पृ. ३५-७०) मा लेखकद्वयले पत्रकारिता गर्दाका व्यावहारिक अनुभव पढ्न पाइन्छ । अग्रज पत्रकारद्वयको अनुभव र ज्ञानको मात्रा नै पुस्तकमा बढी भएको हुनाले भूमिकामा प्रेस काउन्सिलका अध्यक्ष राजेन्द्र दाहालले पनि यस पुस्तकले "नेपाली भाषाको संस्मरण विधालाई थोरै भए पनि चीर स्मरणीय गुन लगाउने" कुरा उल्लेख गरेको हुनुपर्छ ।

भाग २ को 'पत्रकारिता हामीले बुझेको र हामीलाई बुझाइएको' (पृ. १५-३०) का सामग्री पत्रकारिताका विद्यार्थीको निम्ति तयार पारिएको पाठ्य सामग्री जस्तो देखिन्छ । समाचारको परिभाषा, समाचारदाताको परिभाषा, सम्पादकमा हुनुपर्ने गुणहरू, समाचार सङ्कलन, लेखन र सम्प्रेषण गर्दा अपनाउनुपर्ने तरिका (पृ. २९) आदिको उल्लेखले सो कुराको पुष्टि गर्छ । पृ. ८४ देखि २०४ सम्ममा समावेश भाग ६ को अनुसूची अन्तर्गतका राष्ट्रिय समाचार समिति ऐन २०१९, गोरखापत्र संस्थान ऐन २०१९, रेडियो ऐन २०१४, छापाखाना र प्रकाशनसम्बन्धी ऐन २०४८, प्रेस काउन्सिल ऐन २०४८, राष्ट्रिय प्रसारण ऐन २०४९, श्रमजीवी पत्रकारसम्बन्धी ऐन २०५१, राष्ट्रिय सञ्चार नीति २०४९ लाई यस पुस्तकमा समेट्नुको कारण बुझ्न सकिँदैन । पुस्तकको सामग्री अध्ययनमा यो खण्डले मद्दत पुग्छ (पृ. ८४) भनिए पनि पुस्तक पढ्ने क्रममा अनुसूचीका पानाहरू खासै पल्टाउन नपरेकोले यसको औचित्य पुष्टि हुन सकेको छैन । लेखकद्वय राससमा कार्यरत रहेको र अधिकांश प्रसङ्ग सोही सस्थासँग सम्बन्धित देखिएको हुँदा राष्ट्रिय समाचार समिति ऐन २०१९ सम्म चाहिँ सान्र्दभिक हुन सक्छ । तर अन्य सञ्चारसम्बन्धी नीति ऐनहरू त्यहाँ आवश्यक छैनन् । त्यति बेलाको पत्रकारिताका सम्बन्धमा लेख्दै जाँदा सामग्री निखिँदै गएको तर पुस्तक तयार हुने लक्षण

नदेखिएकाले पुस्तकको आकार बढाउन अनुसूचीहरूको सहारा लिएको बुझिन्छ । अन्यत्र प्रकाशनमा नआएका तर त्यति बेलाको पत्रकारितासम्बन्धी ऐन नीति नियमका कुरा अनुसूचीमा रहेको भए अन्त पाइन्न भन्ने आधार रहन्थ्यो, त्यो पनि होइन । पुस्तकलाई खँदिलो बनाउनका लागि सिद्धान्त, नीति, कानुन र व्यवहार पक्षको तुलनात्मक अध्ययनसमेत भैदिएको भए त्यो अनुसूचीको सान्दर्भिकता रहन्थ्यो । तसर्थ पुस्तकमा भाग ६ 'खाली ठाउँ भर' भने जस्तो गरी देखा परेको छ । यस्ता खण्डको औचित्य खुलाउन नसक्दा पुस्तक कुन उद्देश्य राखेर वा के विषयलाई लक्षित गरेर लेखिएको होला भन्ने अन्योल उत्पन्न हुन्छ ।

पुस्तकको संयोजनमा कम मेहनत गरेको देखिन्छ भन्ने कुरा कतै संस्मरण वा अनुभव, कतै पाठ्य सामग्री, कतै नियम कानुन छरपस्ट रूपमा समेटिएकोले प्रस्ट पार्छ । पुस्तकमा प्रुफसम्बन्धी गल्ती यत्रतत्र छन् । भूमिकाको सुरुमै 'हरेक' लाई 'हरके' बौद्धिकलाई 'बौटिक' पढ्दा दाँतमा ढुङ्गा लागे जस्तो महसुस हुन्छ । त्यस्तै, पहिलो पानामै 'परिचय' लाई 'परिचत्र' भनेर पढ्न पाठक विवश छन् । लामो लामो वाक्यले पाठकलाई अल्मल्याउने अवस्था पनि छ । पहिलो पानामा "त्यसबखत हामीबीचको अन्तर्संबन्ध हेर्दा वि.स. २०१३ सालदेखि २०१७ सालसम्म हालखबर पत्रिकामा काम गरिसकेको र त्यसपछि सरकारी अधिकृतको रूपमा २६ महिने म्यादी सरकारी सेवा (सेक्सन अफिसर) मा समेत काम गरिसकेको व्यक्ति हुनाले भैरव रिसाल पत्रकारितासमेतको केही अनुभव प्राप्त र घनानाथ ओझा त्रिभुवन विश्वविद्यालयमा एमएको अध्ययन गर्दै गरेको सिकारुको रूपमा सहकर्मी बनेर पत्रकारिताको क्षेत्रमा प्रवेश गऱ्यौँ" भन्ने वाक्य एउटा उदाहरण हो । पुस्तकको भाषा सलल बग्दैन । सम्पादनको कमी टड्कारो देखिएको छ ।

पुस्तकको शीर्षक पनि 'त्यति बेलाको पत्रकारिता' भन्दा पनि 'त्यति बेलाको पत्रकारिताको व्यावहारिक झलक' वा यस्तै केही भनिएको भए बढी उपयुक्त हुने थियो कि ?

पत्रकारिताका पुस्तक आनन्द वा मनोरञ्जनका लागि लेखिँदैनन् तर लेखिएका सामग्रीले पाठकलाई आनन्द वा मनोरञ्जनसमेत दिन्छन् भने त्यसलाई राम्रै मान्नु पर्दछ । लेखकद्वयले अहिलेको समयमा पनि पढ्न आनन्द आउने एवं त्यस्ता विवरणहरूबाट पाठकलाई ज्ञान र मनोरञ्जनसमेत होला भन्ने दृष्टिकोणले पुस्तक लेख्ने जमर्को गरेको उल्लेख गरेका छन् । तर, मनोरञ्जनात्मक बनाउनका लागि नै कतै भाषाको प्रयोगमा खेलबाड गरेका त होइनन् लेखकद्वयले भन्ने आशङ्का पनि उत्पन्न हुन्छ । जस्तो कि महिलाको प्रसङ्ग आएपिच्छे तिनको कलम 'मैयाँ मैयाँ' भन्दै चिप्लेको छ । जागीर खाने महिलालाई 'जागीरे महिला' र स्मार्ट

देखिने महिलालाई 'स्मार्ट महिला' भनेको भए के नै बिग्रन्थ्यो र ? तर तिनलाई 'जागीरे मैयाँ' (पृ. ५१) र 'स्मार्ट मैयाँ' (पृ. ५२) भनिएको छ । महिलालाई मैयाँ भन्ने छुट तिनलाई कसले दिएछ कुन्नि ! पत्नीको कमाइमा जीवन निर्वाह गर्ने पतिलाई 'लाछी' भनिने पुरानो संस्कारबाट त्यति बेलाका पत्रकारहरू ग्रसित देखिन्छन् (पृ. ५९) । यसबाट स्वाभाविक प्रश्न उठ्छ, शिष्ट ढङ्गको सम्बोधन के हो भन्ने समझ यी पाका पत्रकारहरूमा पनि रहेनछ । त्यस्तै लोग्ने शब्द बोलीचालीमा चले पनि लेखाइमा हत्तपत्त प्रयोग गरिँदैन । यस पुस्तकमा प्रयोग गरिएबाट भने त्यति बेला पत्रकारिता गर्दा लिखित रूपमै पनि पत्रकारले त्यस्तै शब्दको प्रयोग गर्थे कि भन्ने आशङ्का उठ्छ ।

समग्रमा 'उहिलेका कुरा खुइले' भन्ने सोचाइ राख्ने पाठक वा पत्रकारको रोजाइमा यो पुस्तक नपर्न पनि सक्छ । तर त्यति बेला कसरी पत्रकारिता गरिन्थ्यो भन्ने जान्न खोज्ने जिज्ञासु पत्रकारहरूका लागि यो पुस्तकले केही झलक अवश्य दिएको छ । नेपाली पत्रकारिता क्षेत्रमा राससको योगदान र राससम्बद्ध पत्रकारहरूको अभ्यासका बारेमा अनुसन्धान गर्नेहरूका लागि पनि यो पुस्तक एक किसिमको स्रोत सामग्री हो ।

**दीपा गौतम**
नेपाल टेलिभिजन